# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २१ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- प्रधानमंत्री नरेन्द्र मोदीले दीपावलीको अवसरमा देशका नागरिकहरूलाई लेख्नु भएको पत्रमा भारत विश्वको तेस्रो सर्ववृहत अर्थतंत्र बन्ने दिशामा अग्रसर रहेको बताउनु भएको छ।
- आजाद हिन्द सरकारको स्थापना दिवसको अवसरमा मुख्यमंत्री ममता व्यानर्जीले नेताजी सुभाष चन्द्र बोस तथा उहाँका वीर सैनिकहरूलाई नमन गर्नुभएको छ।
- मिरिक झीलमा आत्महत्यको प्रयास गर्नेलाई बचाउने साहसिक कार्य गर्ने युवाको स्वयं डुबेर दुःखद निधन ।
- मतदाता सूची गहन पुन निरीक्षण एस.आई.आर का लागि राज्य भाजपाले आफ्ना बुथ स्तरका कार्यकर्तहरूलाई असामान्य मतदाता भएका बुथहरूमा विशेष ध्यान दिने निर्देश दिएको छ।
- दार्जीलिङ्मा हिजो मानवता दौड़ सम्पन्न गरियो।

## प्रधानमन्त्री - पत्र

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व धेरै संकट सित जुझी रहेको बेला भारत स्थिरता र संवेदनशीलता दुवैको प्रतीकको रूपमा देखा परेको बताउनु भएको छ। दिवालीको अवसरमा देशका नागरिकहरूलाई लेखेको पत्रमा श्री मोदीले भारत निकट भविष्यमा विश्वको तेस्रो ठूलो अर्थव्यवस्था बन्ने बाटोमा रहेको बताउनु भएको छ। उहाँले भन्नु भयो विकसित र आत्मनिर्भर भारतको यो यात्रामा, राष्ट्रप्रतिको आफ्नो कर्तव्य पूरा गर्नु प्रत्येक नागरिकको प्राथमिक जिम्मेवारी हो। प्रधानमन्त्रीले भन्नु भयो यो दीपावली विशेष छ किनकि, पहिलो पल्ट, देशका दुर्गम क्षेत्रहरू सहित धेरै जिल्लाहरूमा उत्सवमय वातावरण छ, जहाँ पहिला नक्सलवाद र माओवादी आतंक थियो। उहाँले यी क्षेत्रहरूबाट आतंकवाद अब उन्मूलन भएको बताउनु भयो। श्री मोदीले हालैका समयमा धेरै नक्सलवादी र माओवादीहरूले हिंसाको बाटो त्यागेर देशको संविधानमा विश्वास व्यक्त गर्दै विकासको मुख्यधारामा सामेल बताउनु भयो। प्रधानमन्त्री मोदीले अपरेशन सिन्दूरको क्रममा भारतले धर्मको पालना मात्र नगरे अन्यायको बदला पनि लिएको बताउनु भयो। प्रधानमन्त्री मोदीले भन्नु भयो अपरेशन सिन्दूरको समयमा, भारतले धार्मिकतालाई मात्र समर्थन नगरेर अन्यायको बदला पनि लियो। श्री मोदीले भन्नु भयो भगवान श्री रामले मानिसहरूलाई धार्मिकतालाई समर्थन गर्न सिकाउनु हुन्छ र हामीलाई अन्यायसँग लड्ने साहस पनि दिनुहुन्छ।

## प्रधानमंत्री मन की बात

प्रधानमंत्री नरेन्द्र मोदीले यसै महिनाको 26 तारीख आकाशवाणीबाट मन की बात कार्यक्रममा देश-विदेशका मानिसहरुसित आफ्नो विचार साझा गर्नुहुनेछ । यो मासिक रेडियो कार्यक्रमको 127औ संस्करण हुनेछ । श्रोताहरुले आफ्नो सुझाव टोल फ्री नम्बर 1800 -11-7800 मा साझा गर्न सक्नेछन् । नरेन्द्र मोदी ऐप अनि माई जी ओ वी ओपन फोरमको माध्यमबाट ऑन लाइन सुझाव दिन सकिनेछ । यस महिनाको 24 तारीख सम्म सुझाव स्वीकृत गरिनेछ ।

## मुख्यमंत्री- आई.एन.ए

आज़ाद हिंद सरकारको स्थापना दिवसमा पश्चिम बंगालका मुख्यमंत्री ममता बनर्जीले महान स्वतंत्रता सेनानी नेताजी सुभाषचंद्र बोस अनि उहाको आज़ाद हिंद फ़ौज (आई.एन.ए.) का वीर सैनिकहरुलाई श्रद्धांजलि अर्पण गर्नुभयो । यस अवसरमा उहाले सोशल मीडियामा श्रद्धांजलि दिंदै नेताजीको नेतृत्वमा स्वतंत्रताको लागि लड़ने वीर सिपाहीहरुलाई देशले सदैव स्मरण गरिरहने बताउनुभयो । मुख्यमंत्रीले लेख्नुभएको छ"आज आज़ाद हिंद सरकारको स्थापना दिवस हो। नेताजी सुभाषचंद्र बोसको नेतृत्वमा भारतको स्वतन्त्रताको लागि लड़ने भारतीय राष्ट्रीय सेनाका सैनिकहरुलाई मेरो नमन।"मुख्य मन्त्रीले आफ्नो यस पोस्टमा

कुनै राजनीतिक संदेश दिनुभएको छैन तर यसको केहि घण्टा पछि गरिएको एक अन्य पोस्टमा उहाले आफ्नो घरमा काली पूजा आयोजनको उल्लेख गर्दै भावनात्मक संदेश साझा गर्नुभएको छ । उहाले लेख्नु भएको छ कि ममाता कालीमा उहाको आस्थाले सदैव उहालाई कठिन समयमा साहस अनि करुणा प्रदान गर्दछ । आफ्नो संदेशमा उहाले लेख्नुभएको छ - "प्रतेक वर्ष सरह यस पल्ट पनि मैले उपवास राखेर माता कालीको पूजा गरे । माताको चरणमा झुकेर बंगाल अनि देश भरिकै मानिसहरुको जीवनमा शांति, स्वास्थ्य अनि समृद्धि बनिरहोस् भनेर प्राथना गरे भनि उहाले अझ लेख्नु भएको छ ।

**मिरिक**

लक्ष्मी पूजाको राती हिजो 11 बजी मिरिक झीलमा एउटा हृदयविदारक घटना घट्यो, जब थर्बु एलडी बहादुर गाउँका २२ वर्षीय साहिल राईले मिरिक बजारका अपरिचित व्यक्ति सदिप दर्जीलाई बचाउने क्रममा ज्यान गुमाए, जसले झिलमा डुबेर आत्महत्या गर्ने प्रयास गरेको आरोप छ। साहिल राईले साहसपूर्वक सदिपलाई बचाउन पानीमा हाम फाले, तर घटना दुखद मोडमा बदलियो। उहाँ झिलमा बेपत्ता भए। आफ्नो ज्यान जोखिममा भए पनि, साहिलले सदिपको ज्यान बचाउन सफल भए। पारिवारिक समस्याका कारण आत्महत्या गर्ने प्रयास गरेका सदिप दर्जी हाल मिरिक खण्ड प्राथमिक स्वस्थ्य केन्द्रमा उपचाररत छन्।

**विशेष गहन पुनरीक्षण- भाजपा**

पश्चिम बङ्गालमा विशेष गहन पुनरीक्षण को सम्भावना बीच भारतीय जनता पार्टी (भाजपा) ले आफ्ना बूथ स्तरका एजेन्ट (बीएलए) हरूलाई ती क्षेत्रहरूमा विशेष ध्यान दिन निर्देशन दिएको छ जहाँ मतदाताको संख्या असामान्य रूपमा बढेको छ। भाजपा राज्य समितिको एक सदस्य अनुसार, पार्टीले ती क्षेत्रमा बीएलए लाई सचेत रहन भनेको छ जहाँ 2011 पछि मतदाताको संख्या 40 प्रतिशतभन्दा अधिकले बढेको छ। 2011 मा वाम मोर्चाको 34 वर्ष लामो शासन अन्त्य भई ममता बनर्जी नेतृत्वको तृणमूल कांग्रेस सत्तामा आएको थियो। सामान्य अवस्थामा 15 वर्षमा मतदाताको संख्या 20–25 प्रतिशतले बढ्नु स्वाभाविक मानिन्छ, तर उत्तर 24 परगना जिल्लाका केही क्षेत्रमा 70 प्रतिशतसम्मको वृद्धि असामान्य रहेको भाजपा को दाबी छ। भाजपाले यस्ता सबै क्षेत्रहरूको सूची तयार गरी सम्बन्धित बीएलए लाई उपलब्ध गराएको छ। बीएलए लाई पुनरीक्षण प्रक्रियामा निर्वाचन अधिकृतहरूसँग मिलेर नक्कली, मृत र दोहोरिएका नाम हटाउन निर्देशन दिइएको छ। राज्य समिति सदस्य अनुसार, यदि कुनै अधिकारीबाट अनियमितता देखिएमा बीएलएले तुरुन्तै पार्टी र जिल्ला निर्वाचन अधिकारीलाई जानकारी दिनुपर्नेछ, आवश्यक परे मुख्य निर्वाचन अधिकृत, पश्चिम बङ्गालको कार्यालयसम्म जानकारी पुर्याइनेछ। यो सतर्कता आगामी विधानसभा चुनावलाई ध्यानमा राखी गरिएको रणनीतिक कदम मानिएको छ।

**गाई दान**

गत ४ अक्टोबर २०२५ को राती आएको विनाशकारी पानीको कारण दार्जीलिङ पहाडमा धेरै ठाउँ पहिरो गएको थियो। पहिरोको कारणले २१ जाना मानिसहरूको ज्यान गएको थियो भने धेरै पशुहरू पनि पहिरोको चपेटमा परेर मारिएका थिए। त्यसै मृतक गाईका मालिकहरूलाई ए आर डी विभाग अनि गाई दाताहरूको सहयोगमा विकरण फाउँडेसनले २४ वटा नयाँ गाई पिडीत परिवारहरूलाई बितरण गर्ने कार्य आज सुखिया ब्लक देखि शुरू गरेको छ।

***सुखियाको ब्लक अफिस परिसरमा विकरण फाउँडेसनले ए आर डी विभागका ड्यपुटी डाइरेक्टर अनि दाताहरूको उपस्थितिमा दुई परिवारलाई दुईवटा गाई दान गरे। यसरी नै ए आर डी विभागले गाईको निम्ति भिटामिनको दवाई साथै पोस्टीक आहारहरू पनि प्रदान गर्यो। माता लक्ष्मीको पुजा तिहारको समय परिवारमा सुख अनि समृद्धिको निम्ति गरिनछ,त्यसैले आज लक्ष्मी पुजाको शुभ अवसर पारेर ती पहिरोमा गाई गुमाएका परिवारहरूलाई समृद्धिको प्राथना राख्दै गाई दान गर्ने सोच बनाएको फाउँडेसनका सदश्य मनोज गुरूङले बताउनु भएको छ। गाई पालन गरेर नै जिवीका चलाई रहेका ती पिडीतहरूले विकरण फाउँडेसन,ए आर डी विभाग अनि दाताहरूलाई आभार प्रकट गरेका छन्। पिडीतहरूले गाई दानले धेरै सहयोग पुराएको बताएका छन्।***

**श्रद्धाञ्जली तथा मानवता दौड**

सिक्किमका प्रसिद्ध ‘‘म्याराथन म्यान’’ अमर सुब्बा र उहाको संस्था AMAS का विद्यार्थीहरूले हिज 20 अक्टोबरको दिन दार्जिलिङमा आयोजित ‘‘श्रद्धाञ्जली तथा मानवता दौड’’ मा सहभागिता जनाउँदै उल्लेखनीय योगदान दिएका छन्। यो दौड सुकना, सिलगढ़ीदेखि घुम-जोरबङ्गलो, दार्जिलिङसम्म आयोजना गरिएको थियो, जसको संयोजन युनाइटेड हिमालयन अर्गनाइजेशनले गरेको हो। यस कार्यक्रमको उद्देश्य गत 4 अक्टोबरमा दार्जिलिङ अनि वरीपरीका क्षेत्रहरुमा आएको विनाशकारी बाढीको कारण ज्यान गुमाएका मानिसहरू र उनीहरुका शोकसन्तप्त परिवारप्रति श्रद्धाञ्जली अर्पण गर्नु रहेको थियो। समर्पण र धैर्यका माध्यमबाट असंख्य युवालाई प्रेरित गर्दै आएका अमर सुब्बाले समाजमा सचेतना फैलाउने माध्यमका रूपमा दौडप्रतिको आफ्नो उत्साहलाई निरन्तर प्रयोग गरिरहेका छन्। यस कार्यक्रममा विद्यार्थीहरूसहित उहाको सहभागिताले दार्जिलिङका जनताप्रति समर्थन र एकताको गहिरो सन्देश प्रकट गरेको बताइए छ |

****** ० ******